शिवपुरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

शेरावजार, नुवाकोट

प.स. २०७९।०८०
च.नं

बागमती प्रदेश

मितिः२०७९/०७/१७

**आमा-बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम सम्बन्धी शिवपुरी गाउँपालिकाको सूचना।**

**(प्रथम पटक प्रकाशित)**

आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम अन्तर्गत आमा बाबु दुबै गुमाएका र दुबैको संरक्षणबाट बञ्चित भएका बालबालिकाको शिक्षा, स्वास्थ्य एवं पोषण लगायतका आधारभूत आवश्यकताको सुनिश्चित गरी सामाजिक संरक्षण प्रदान गर्ने उद्देश्यले कानून बमोजिम मासिक भत्ता उपलब्ध गराउने प्रयोजनका लागि तपसिलका योग्यता पुगेका बालबालिकाहरुले तोकिएका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखामा आवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ।

<u>तपसिलः</u>

**आवेदन गर्न चाहनु हुने बालबालिकाको योग्यताः**

१) आमा र बाबु दुबैको मृत्यु भएको वा दुबै बेपत्ता भई आमा बाबुको संरक्षणबाट बञ्चितमा परि अन्य व्यक्तिको संरक्षणमा रहेको,
२) १८ बर्ष उमेर पुरा नभएको,
३) ५ बर्ष उमेर पुरा भएको बालबालिकाको हकमा विद्यालय भर्ना भई नियमित रुपमा विद्यालय जाने गरेको,
४) कुनै गैर कानूनी एवं आपराधिक कृयाकलापमा संलग्न नभएको ।

**आवेदनको साथमा पेश गर्नु पर्ने कागजातहरुः**

१) जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि)
२) आमा र बाबु दुवैको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि
३) आमा बाबु दुवै वेपता भएकाको हकमा वेपत्ता भएको वा दुवैको संरक्षण र रेखदेखबाट बञ्चितमा परेको प्रमाणित हुने कागजात।
४) विद्याललयमा भर्ना भई नियमित विद्यालय जाने गरेको भनि विद्यालयले दिएको सिफारिस पत्र (५ वर्ष पुरा गरेको बालबालिकाको हकमा मात्र)
५) सम्बन्धित बालबालिकाको संरक्षक हो भनि प्रमाणित गर्ने वडाको सिफारिस पत्र ।
६) संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि

**पुनश्चः गत आर्थिक वर्षमा यस कार्यक्रम अन्तर्गत सुविधा प्राप्त गरिरहेका बालबालिकाहरुले पनि यसै सूचना बमोजिम पुनः निवेदन पेश गर्नु पर्नेछ ।**

..................

वसन्त कार्की
(प्रमुख प्रशासकीय अधिकृत)

वसन्त कार्की
प्रमुख प्रशासकीय अधिकृत